# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन २०८३ जेष्ठ




सुमिरा कन्सल्टेन्सी प्रा.लि.
मध्यपुर थिमि -६, भक्तपुर


## बबई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
हापुरे, दाङ

## बिषयसूची

१. पृष्ठभुमी ..................... १
२. परीक्षणको महत्व ..................... ३
३.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरु ..................... ३
४.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले समेटेका क्षेत्रहरु ..................... ४
५.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विधि र तरिका ..................... ४
५१.दस्तावेज समिक्षा ..................... ४
५.२. लक्षित समूहका व्यक्तिहरु तथा सुचनाकार व्यक्तिहरुसँग अर्न्तवाता तथा छलफल ..................... ४
५.३. कार्यशाला गोष्ठी संचालकहरुको लेखाजोखा ..................... ४
६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विश्लेषणका औजारहरु ..................... ५
७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट आएका मुख्य प्राप्तिहरु ..................... ५
८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण वीधिबाट देखिएको लैससासको अवस्था ..................... ५
८.१. परीक्षण पश्चात सुचकहरुले प्राप्त गरेका अंक ..................... ६
८.२. माकुरी जालो ..................... ७
८.३. कार्यरत कर्मचारीहरुमा समावेशीता ..................... ७
९. सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवरस र चुनौतीहरु ..................... ८
९.१. सुचकको बुदागत अंकको आधारमा हलबाट राय लिएर सामुहिक रुपमा गरिएको विश्लेषण ..................... ९
९.२. समुह कार्यबाट गरिएको विश्लेषण ..................... १०
१०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना ..................... ११
११. निश्कर्ष ..................... १२
१२. सुझाव ..................... १४
१३. अनुसूचीहरु ..................... १५
१३.१. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सुचकहरु र प्राप्ताङ्क ..................... २०
१३.२. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका केहि झलकहरु ..................... २५

## १. पृष्टभूमि :

नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था उल्लेख भएको छ । संविधानको धारा ३८ ले महिलालाई समान वंशिय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी अधिकार राज्यका सबै तहमा सहभागी हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसाजन्य कार्यहरुलाई कानुन बमोजिम दयडनीय हुने व्यवस्था गरेको छ । संविधानको धारा १८ को समानताको हकमा सबै नागरिक कानुनको दृष्टिमा समान हुने तथा कसैलाई पनि कानुनको समान संरक्षणबाट बञ्चित नगरिने तथा सामान्य कानुनको प्रयोगमा उत्पत्ति धर्म, वा जातजाती, लिङ्ग, शारीरिक अवस्था, अपाङ्गता, स्वास्थ्य स्थिति, बैवाहिक स्थिति, गर्भा अवस्था, आर्थिक अवस्था, भाषा वा क्षेत्र, वैचारिक आस्था वा अन्य यस्तै कुनै आधारमा भेदभाव नगर्ने उल्लेख छ ।

त्यसै गरी :

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण ( लैससास) सम्बन्धी देहायका प्रावधानहरुको व्यवस्था गरेको छ ।

क. गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्बन्धी व्यवस्था

ख. वडा समितिको काम, कर्तव्य र अधिकार अर्न्तगत वडामा आर्थिक तथा समाजिक रुपमा पछाडी परेका महिला, बालबालिका, दलित अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी कार्य गर्ने, विभिन्न समुदाय बीच सामाजिक सद्भाव तथा सौहार्दता कायम गर्ने, बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाईजो, हलिया प्रथा, छाउपडि, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता समाजिक कुरिती र अन्धविशवासको अन्त्य गर्ने गराउने व्यवस्था गरेको छ ।

ग. स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्येक्ष लाभ पुग्ने कार्यक्रममा जोड दिदै लैससास प्रर्वधन गर्ने व्यवस्था गरेको छ ।

## २. परीक्षणको महत्व

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण अध्ययनको महत्व निम्न प्रकारको रहेको छ :

क. संविधानद्धारा प्रदत हकहरुको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशिताका आधारमा राज्य संरचनाका सबै अंगहरुमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउन संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समुहको विकास सुचकहरुमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको न्यून अन्तरलाई पहिचान गर्न ।

ख. स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैससासको विद्यमान अवस्थाको जानकारीका साथै तहगत तथा मुलुकको समग्र समस्या र चुनौतीहरुको पहिचान गर्न एवम् यस क्षेत्रका योजना तथा कार्यक्रमहरुको दक्षता र प्रभावकारिताको लेखाजोखा तथा मुल्याङ्कन गरी नीतिगत पृष्ठ पोषण लिन ।

## ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरु :

क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय सरकारको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, सीमान्तकृत समुहहरुलाई समावेश गरी, लैङ्गिक समानता र सबै जात, जातीको अर्थपूण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

ख. महिला र सीमान्तकृत समुहहरुलार्य समावेश गरीउनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र मामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णयक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक स-शक्तिकरण गर्ने ।

ग. स्थानीय सरकारको सबै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूलयाङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

घ. लैससास परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनैतिहरुको पहिचान गरी समयमै समाधान गर्नुका साथै भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने ।

## ४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणले समेटने क्षेत्रहरु

लैससास परीक्षणले समेटने क्षेत्रहरु देहाय बमोजिम रहेका छन :

क. नीति, कानुन र योजना
ख. संस्थागत व्यवस्था
ग. मानव संसाधन तथा क्षमता विकास
घ. सेवा प्रवाह
ङ. सुशासन तथा उत्तरदायित्व

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विधि र तरिका

५.१. दस्तावेज समिक्षा : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यदलले गाउँपालिकाको दस्तावेजहरु ( जस्तै : ऐन, कानुन, नीति, कार्यविधि, वार्षिक योजना, आवधिक योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/वार्षिक समिक्षाको प्रतिवेदन, गाउँपालिकाको प्रोफाइल, विभिन्न समयमा भएका निर्णयहरु) आदिको लैससासको दृष्टिकोणबाट विश्लेषण र पुनरावलोकन गरियो । जसको लागि

क. गाउँपालिकाको योजना अनुसार मिति २०८३ साल जेष्ठ १० गते बबई गाउँपालिकाको अध्यक्ष श्री कुल बहादुर खत्री क्षेत्री ज्युको अध्यक्षतामा बैठक बसी लैससास परीक्षणको उद्देश्य बारेमा छलफल गरियो । सोही दिन दस्तावेज अध्ययन गर्न निम्न अनुसारको कार्यदल गठन गरियो । जुन कार्यदलमा गाउँपालिकाको उपाध्यक्ष श्री बम कुमारी खड्काको संयोजकत्वमा तपशिलको व्यक्तिहरु रहनु भएको थियो :

| | | |
|---|---|---|
| संयोजक | : | श्री बम कुमारी खड्का (उपाध्यक्ष ) |
| सदस्य | : | श्री जोखिम ओली ( प्र.प्र.अ. ) |
| सदस्य | : | श्री कृष्ण कुमार कँडेल ( प्रशासकीय अधिकृत ) |
| सदस्य | : | श्री गण्मेश ओली ( आ.प्र. शाखा प्रमुख ) |
| सदस्य | : | श्री सरस्वती भण्डारी ( शिक्षा शाखा प्रमुख ) |
| सदस्य | : | श्री पूरुषेतम अधिकारी ( सूचना प्र शाखा ) |
| सदस्य सचिव | : | श्री खिमा पुन ( लैससास सम्पर्क व्यक्ति ) |

ख. उक्त कार्यदलले बबई गाउँपालिकाले तयार गरी कार्यान्वसयनमा रहेका सम्पुर्ण लैङ्गिक सम्बन्धी नीति, नियम, दस्तावेज, कार्ययोजनाको विस्तृत रुपमा अध्ययन गरेको थियो ।

ग. लैससास परीक्षणको लागि बबई गाउँपालिकाका सम्पुर्ण पदाधिकारी प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, GESI Focal Person लगायत व्यक्तिहरु समावेश गरी कम्तीमा ३० जना बढिमा ५० जनालाई लैससास परीक्षणमा सहभागी गराउने ।

घ. लैससास परीक्षण कार्यक्रम मिति २०८३ साल जेष्ठ १३ र १४ गते गाउँपालिकाको तालिमहलमा सञ्चालन गरिने निर्णय गरियो ।

**५.२. लक्षित समुहका व्यक्तिहरु तथा सुचनाकार व्यक्तिहरुसँग अर्न्तवार्ता तथा छलफल :** बबई गाउँपालिकासँग सरोकार राख्ने समुहहरुसँग सम्बन्धित सवालहरुमा थप जानकारी लिनको लागि सामाजिक समावेशीकरणको हिसाबले वञ्चितिकरणमा परेका समुहकरुको प्रतिनिधिहरु र उपभोक्ता समुह गरी दुईवटा लक्षित समुहसँग अन्तरवार्ता तथा समुह छलफल गरियो ।

**५.३. कार्यशाला गोष्ठी सञ्चालन ( सुचकहरुको लेखाजोखा ) :** कार्यशालाको बिभिन्न विषयबस्तुमा केन्द्रित भै सुचक तथा उपसुचक अनुसार अंकभार विश्लेषणका लागि नीतिगत व्यवस्था, संरचना, योजना तर्जुमा देखी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन, अभ्यास र प्रभाव सम्मको अवस्थालाई विश्लेषण गरी गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरु गरी कुल जम्मा ३५ जनाको सहभागितामा उक्त सुचक तथा उपसुचकमा अंक दिने काम गरियो । सहभागितात्मक छलफलको आधारमा लैससास सुचक तथा उपसुचकहरुमा राम्रो देखिएमा १, मध्ययम देखिएमा ०.५ र सुधार गर्नु पर्ने देखिएमा वा नभएमा ० अंक दिने आधार बनाई गाउँपालिकाको अवस्था बिश्लेषण गरियो । विभिन्न विषयगत क्षेत्रहरु र सुचकहरुमा प्राप्त अंकहरुलाई माकुरी जालो विधिको प्रयोग गरी सहभागिहरु माझ प्रस्तुत गरियो । विश्लेषणबाट प्राप्त भएका निष्कर्ष तथा सुझावहरु मध्य राम्रा पक्षहरुलाई निरन्तरता दिने र कमजोर पक्षहरुलाई सुधार गर्दै आगामी दिनहरुमा गाउँपालिकालई लैससास मैत्री रुपमा स्थापित गर्ने कार्ययोजना तयार गरिएको छ ।

## ६. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विश्लेषणका औजारहरु

बबई गाउँपालिकाको लैससास परीक्षणका क्रममा विश्लेषणका लागि प्रयोग गरिएका औजारहरु निम्न रहेका छन् :

क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यदल गठन

ख. दस्तावेज समिक्षा

ग. लक्षित समुहका जानकार व्यक्तिहरुसँग अन्तरवार्ता तथा छलफल

घ. कार्यशाला गोष्ठी ( सुचकहरुको लेखाजोखा), सवल, सुधारात्मक, अवसर र चूनौती विश्लेषण, कार्ययोजना तयारी र कार्यान्वयन प्रतिवद्धता ।

स्थानीय तह लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७७ मा उल्लेख भए बमोजिमको लैससास परीक्षण औजार प्रयोग गरिएको र औजारमा उल्लेख भएका ५ विषयहरु :

१. स्थानीय सरकारको नीति, कानुन योजनामा लैङ्गिक तथा समाजिक समावेशी विकास,

२) संस्थागत व्यवस्था,

३) मानव संसाधन तथा क्षमता विकास,

४) सेवा प्रवाह र

५) सुशासन तथा उत्तरदायित्व विषयका १०० वटा सुचकका आधारमा लैससासको वर्तमान अवस्थाको मापन गरिएको ।

यसरी मापन गर्दाको समयमा प्रत्येक सुचकमा उल्लेखित कुरा राम्रो देखिएमा १ अंक मध्ययम देखिएमा ०.५ अंक र सुधार गर्नु पर्ने वा नभएमा ० अंकहरु प्रदान गरिएको । ५ वटा मुल शिर्षक अन्तर्गत रहेका २२ वटा सहायक शिर्षकहरुमा प्राप्त अंकहरुलाई जोडि बार चार्ट तथा माकुरीजालोको चित्र ( Spider net ) बनाई सहभागिहरु माझ लैससासको अवस्था प्रस्तुत गरिएको । सो चित्रले देखाएका राम्रा पक्षहरुलार्य निरन्तरता दिने, कमजोर पक्षहरुलार्य सुधार गर्दै आगामी दिनहरुमा आवश्यकताहरुको पहिचान गरी लैङ्गिक समानता तथा समाजिक समावेशी विकासका लागि एकिकृत कार्ययोजना बनाई अगाडि बढाउन यो लैङ्गिक समानता तथा समाजिक समावेशीकरण परीक्षणले मद्धत पुर्‍याउने कुरालाई महत्वका साथ उल्लेख गरिएको छ ।

## ७. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट आएका मुख्य प्राप्तिहरु

बबई गाउँपालिकाको लैससास परीक्षणबाट देखिएका मुख्य प्राप्तिहरु देहाय बमोजिमका छन् :

क. गाउँपालिकाका जनप्रतिनिधि, कर्मचारी र सरोकारवालाहरुमा लैससास सम्बन्धी बुझाईको विकास भएको छ ।

ख. गाउँपालिकाको नीतिगत व्यवस्था, विद्यमान संस्थागत संरचना, योजना तर्जुमा र कार्यक्रमहरुमा महिला र सामाजिक रुपमा बञ्चितिमा परेका व्यक्ति र सकुहहरुको सहभागिता र संवेदनशिलता सम्बन्धी वर्तमान अवस्थाको लैससास परीक्षणका सुचकका आधारमा अंक मापन भएको छ ।

ग. लैससास परीक्षणका सुचकका आधारमा प्राप्त भएका सुझावहरुको कार्यान्वयनका लागि कार्य योजनाका तयारी र गाउँपालिकाको तर्फबाट कार्यान्वयनको सामुहिक प्रतिवद्धता भएको छ ।

## ८. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण विधिबाट देखिएको लैससासको अवस्था :

बबई गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था सम्बन्धमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट प्राप्त भए अनुसार गाउँपालिकामा लैससास विश्लेषणमा आधारित सवै सूचकहरुमा सुधार गर्नको लागि आवश्यक कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न आवश्यक देखिन्छ । समग्रमा अध्ययन गर्दा संस्थागत व्यवस्था र सुशासन तथा उत्तरदायित्वमा नेपाल सरकारका लैससास विकासका नीति र प्रतिवद्धताको अवस्था तुलनात्मक रुपमा सन्तोषजनक देखिए तापनि मानव संशाधन तथा क्षमता विकासमा र सेवा प्रवाहमा निकै नै सुधार गर्नु पर्ने देखिन्छ साथै नीति र कानुनमा समावेशीता सबैभन्दा बढी सुधारका प्रयास गर्नु पर्ने अवस्था रहेको छ । केहि त्यस्ता डकुमेन्टहरु छन् जुन कुराको गाउँपालिकाले कार्यान्वयन मा ध्यान दिन नसकिरहेको पाईयो । नीति तथा कानुन स्थानीय तह आफैले बनाउनु पर्ने र केहि राष्ट्रिय स्तरमा भएका कानुनको पालना गर्न गाउँपालिकाले नीति तथा कानुन बनाई बजेट विनियोजन गर्ने समयमा ध्यान दिन आवश्यक देखिन्छ ।

### ८.१. परीक्षण पश्चात सुचकहरुले प्राप्त गरेको अंक

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट बबई गाउँपालिकाले लैससास सम्बन्धी सुचकहरुमा प्राप्त गरेको अंक यस प्रकार छ :

| सुचक नं. | सुचकहरु | सुचकको अंक | प्राप्तांक | कैफियत |
|---|---|---|---|---|
| १ | नीति कानुन तथा योजना | २० | ६.५ | |
| २ | संस्थागत व्यवस्था | २० | १६.५ | |
| ३ | मानव संशाधन तथा क्षमता विकास | २० | १० | |
| ४ | सेवा प्रवाह | २० | ७.५ | |
| ५ | सुशासन तथा उत्तरदायीत्व | २० | ११.५ | |
| | जम्मा | १०० | ५२ | |

**लैङ्क्कि समानतन तथा सामाजिक समावेशीकरण परीक्षणमा पाँचवटा विष्यबस्तुले प्राप्त गरेको अंकभारलाई विषयगत आधारमा Bar Chart मा तल प्रस्तुत गरिएको छ :**




संस्थागत व्यवस्थापन
पूर्णाँक
प्राप्ताँक
4
3
4
2.5
4
3.5
4
3.5
4
4
कर्मचारी पदाधिकारी प्रतिनिधित्व
कार्यप्रणलीमा समावेशीता
समिति उपसमितिमा प्रतिनिधित्व
वित्त व्यवस्थापन प्रणलीमा समावेशीता
तथ्यांक संकलन तथा व्यवस्थापन


मानव शंसाधन तथा क्षमता विकास
पूर्णाँक
प्राप्ताँक
8
4
4
2
4
2
4
2
मानव शंसाधन तथा क्षमता विकास
अनौपचारीक मूल्य मान्यतार कुसस्कार
कानुनी साक्षरता
विपद व्यवस्थापन


सेवा प्रवाह
पूर्णाँक
प्राप्ताँक
4
1
4
1.5
4
2.5
4
1
4
1.5
पूवाधार विकास
प्रजनन स्वास्थ्य
शिक्षा कार्यक्रम
खानेपानी तथा सरसफाई
स्वरोजगार तथा आयआर्जन


सुशासन तथा उत्तरदायित्व
पूर्णाँक
प्राप्ताँक
4
3.5
4
1.5
4
2.5
4
2.5
4
1.5
सुशासन
उत्तरदायित्व र जावाफदेहिता
सूचना र सञ्चार
अनुगमन तथा मूल्याङ्कन
समन्वय र सम्बन्ध बिस्तार

**८.२. माकुरी जालो : बबई गाउँपालिकाले लैससास सम्बन्धी सूचांकको अभ्यासमा प्राप्त गरेको अङ्कलाई यहाँ सारांशमा माकुरी जालोमा प्रस्तुत गरिएको छ ।**



## ८.३ कार्यरत कर्मचारीहरुमा जातिय समाबेशीता



## ९. सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौतीहरु

लैससास परीक्षणका क्रममा गाउँपालिकाको लैससास सम्बन्धी विद्यमान नीति, कानुन, व्यवस्था, कार्यान्वयन र अभ्यासका सम्बन्धमा गरिएको सबल पक्ष, सुधारात्मक पक्ष, अवसर र चुनौती सम्बन्धी विश्लेषणमा आएका बुदाँ तथा सुझावहरु याँहा प्रस्तुत गरिएको छ ।

### ९.१. सुचकको बुदाँगत अंकको आधारमा हलबाट राय लिएर सामुहिक रुपमा गरिएको विश्लेषण

| मुल शिर्षक | सबल पक्षहरु | सुधार गर्नु पर्ने पक्षहरु | अवसर | चुनौति |
|---|---|---|---|---|
| नीति कानुन तथा योजना | लैससास परीक्षणको लागि बजेट विनियोजन भएको | १. योजना तर्जुमा तथा कार्यान्वयन<br>२. बजेट तर्जुमा तथा कार्यान्वयन<br>३. लैससास सम्बन्धी विभिन्न नीति तथा कानुनको निर्माण गर्नुपर्ने । | लैससास को नीति तथा कानुन स्वंयम स्थानीय तहले बनाउने भएकाले आफ्नो भुगोल अनुसार बनाउन पाईने | लैससास कार्यान्वयनको महत्व बुझ्न समय लाग्ने । |
| संस्थागत व्यवस्था | १.तथ्याङ्क संकलन तथा व्यवस्थापनको सुरुवात<br>२.शाखा तथा यसको जिम्मेवार व्यक्तिहरु हुनु | १.कर्मचारी पदाधिकारीमा प्रतिनिधित्व<br>२.समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व<br>३.वित्त व्यवस्थापन प्रणलीमा समावेशीता<br>४.कार्यप्रणलीमा समावेशीता | स्थानीय तहमा भएको समावेशीकताको सिद्धान्तले गर्दा काम गर्न सजिलो | स्थानीय तहको संरचना भर्खर मात्र बनेकोले संस्थागत गर्न समय लाग्ने । |
| मानव संशाधन तथा क्षमता विकास | १. न्याय पालिकाले सकृयता पूर्वक काम गर्नु<br>२.विपद् व्यवस्थापनमा समावेशी सहभागिता | १.मानव संशाधन तथा क्षमता विकास<br>२.अनौपचारिक मुल्य मान्यता र कुसस्कार विरुद्ध जनचेतना<br>३. कानुनी साक्षरता कार्यक्रम | अफैले नीति बनाउने र कार्यान्वयन पनि गर्ने हुँदा नीति बनाउन र कार्यान्वयन गर्न सजिलो हुने भएकोले छिटो नतिजा छिटो आउने | १.निर्वाचित पदाधिकारी, कर्मचारी लगायतका सरोकारवालाहरुलाई कानुनी साक्षरता बनाउन समय लाग्ने |
| सेवा प्रवाह | १.प्रजनन स्वास्थ्य, खानेपानी तथा सरसफाईमा उललेखनिय कार्यका साथै सुत्केरी सहयोग र परामर्शको व्यवस्था<br>२.आधारभुत तहको विद्यालयमा दिवा खाजाको व्यवस्था | १.स्वारेजगार तथा आय आर्जन र बजार व्यवस्थापन<br>२.पूर्वाधार विकासमा लैससासको दृष्टिकोणबाट नहुनु | आवश्यकताको आधारमा सेवा प्रवाह गर्न सजिलो हुने । | बजेटको अभावमा कतिपय सेवाहरु समयमा नै प्रवाह गर्न नसकिने । |

| | | | | |
|---|---|---|---|---|
| सुशासन तथा उत्तरदायित्व | सुशासन, उत्तरदायित्व र जवाफदेहिताको लागि सुरुवात | १.अनुगमन तथा मूल्याङ्कन<br>२.सुचना तथा संचार | बढदो सामाजिक संजालको पहुँच र प्रयोगले सुशासन र उत्तरयित्वको महत्व बुझाउन सजिलो । | हरेक अन्तरबस्तुहरु राजीतिक सवालमा रुपान्तरित भै मिलेमतोमा हुने खतरा हुन सक्छ । |

## ९.२. समुह कार्यबाट गरिएको विश्लेषण

| **राम्रा पक्ष /सवल पक्ष (समुह १ )** | **कमजोर पक्ष /सुधारात्मक पक्ष ( समुह २)** |
|---|---|
| महिला र पुरुष कर्मचारी बीच समान व्यवहार भएको । | बजेट विनियोजनमा लैससास को लागि पर्याप्त बजेट विनियोजन गर्नु पर्ने |
| महिला तथा किशोरीसँग सम्बन्धित कार्यक्रम सञ्चालनका लागि सम्बन्धित शाखा र प्र.प्र.अधिकृत समेत महिला रहेकाले बढी प्रभावकारी हुने गरेको | अधिकांश कार्यक्रम वा बैठकहरुमा महिला प्रतिनिधि का साथै महिला कर्मचारी को न्यून सहभागिता हुने । |
| कृषक अभिमुखिकरण तथा तालिम सञ्चालन हुँदा बढी महिलालाई सहभागिता गराईने गरेको | ग्रामिण भेगका अधिकांश महिलाहरुमा कम साक्षरता दर भएको |
| गाउँपालिकाको स्वास्थ्य शाखा अन्तर्गत सवै सार्वजनिक भवनहरुमा स्तनपान कक्ष सञ्चालनमा ल्याउने प्रयास गरिएको । | ग्रामिण भेगका अधिकांश महिलाहरु गृहणी को रुपमा मात्रै सिमित रहेको । |
| सम्बन्धित शाखाहरुको महिला लक्षित कार्यक्रमहरु सञ्चालन गर्दै गरेको | आय आर्जनको क्षेत्रमा महिलाहरुको कम सहभागिता रहेको तथा गाउँपालिका भित्रको विकास समितिमा शुन्य महिला नेतृत्व ( संयोजक महिला नभएको ) |
| शिक्षा शाखा अन्तर्गत मापदण्ड पुगेका विद्यालयहरुमा विद्यालय नर्सको व्यवस्था गरिएको | बस्ति स्तरमा गठन हुने उपभोक्ता समितिमा महिलाको न्यून सहभागिता |
| विद्यालयहरुमा अध्ययनरत महिला विद्यार्थीहरुलाई सेनेटरी प्याडको व्यवस्था गरेको | निर्माण भएका नीति तथा कानुनी व्यवस्थाहरुका बारेमा नागरिकमा जानकारीको विकास गर्नु पर्ने । |
| | लैससास नीति बनाउन पर्ने साथै लैससास सम्बन्धी समान बुझाई विकासका लागि जनप्रतिनिधि तथा कर्मचीहरुलाई समय समयमा क्षमता विकास गर्नु पर्ने । |
| ग्रामिण भेगमा रहेका सामाजिक सुरक्षा भत्ता बुझिरहेका लाभग्राहीहरुको लागि बैकसँग समन्वय गरी वडा मार्फत भत्ता वितरण गर्ने गरेको | गाउँपालिकाको आवधिक योजना निर्माण गर्नु पर्ने |
| **अवसरहरु (समुह नं. ३)** | **चुनौतीहरु ( समुह नं. ४ )** |
| हरेक शाखामा महिला कर्मचारीको प्रतिनिधित्व उल्लेख्य मात्रामा हुनु | भौगोलिक विकटताका कारण कार्यक्रम कार्यान्वयनमा समस्या |
| महिलाहरुलाई स्वास्थ्यमा विशेष प्राथमिकता दिनु | सिप विकास तालिम लियता पनि प्रयोगमा ल्याउन नसक्नु |
| महिलाहरुलाई सिप विकास तालिमको व्यवस्था | सबै सार्वजनिक विद्यालय तथा स्वास्थ्य संस्थामा आपाङ्ग ( लैससास ) मैत्री शौचालय नहुनु । |
| महिलाहरुलाई आय आर्जनको लागि बजेट व्यवस्था हुनु | महिलाले गरेको काममा अविश्वास गर्नु र काम गर्न असहज वातावरण उत्पन्न हुनु |
| महिलाले गरेको कामलाई विशेष प्राथमिकता | लैससाससँग सम्बन्धित सवालहरुमा नीति, योजना र कार्यक्रमहरुको कार्यान्वयनका |

| | |
|---|---|
| | लागि आवश्यक स्रोतहरुको कमी हुनसक्ने । |
| विद्यालयमा बाल क्लबको गठन तथा परिचालन हुनु | परम्परागत हानिकारक अभ्यासहरु गाउँपालिका तथा सरोकारवालहरुको प्राथमिकताम नपर्नु |
| अपाङ्गता भएका व्यक्तिहरुको सहएक सामग्री वितरण तथा समन्वय समिति गठन हुनु | सरकोकारवालाहरुबाट भएका विद्यमान नीतिगत व्यवस्थाहरुको कार्यान्वयनमा प्रतिवद्धता र कार्यान्वयन नहुनु |
| | सेवाग्राही र सरोकारवालाहरुले भौतिक विकासलाई प्राथमिकता दिनु र मानविय विकासमा कम प्राथमिकता र लगानी गर्नु । |

## १०. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्ययोजना

| मुल शिर्षक | प्राप्तांक | अवस्था सुधारको लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयाबधि | थप दायित्व | |
|---|---|---|---|---|---|---|---|---|
| **नीति कानुन तथा योजना २०** | **६.५** | १. गाउँपालिकाले लैससास नीति बनाउने<br>२. कानुन निर्मालाई अपेक्षित समावेशीकरण बनाउने<br>३. योजना तर्जुमामा अत्याधिक मात्रामा लक्षित वर्गलाई सहभागी गराउने<br>४.तोकिएको रकम सम्बन्धीत शिर्षकमा समयमा नै खर्च गर्ने वातावरण बनाउने | **पहलकर्ता** | **निर्णयकर्ता** | **कार्यान्वयनकर्ता** | आ.व. ०८३/०८४ बजेटमा समावेश गर्ने | पर्ने | नपर्ने |
| नीति र कानुनमा समावेशीता ८ | २ | | लैससास शाखा | कार्यपालिका | लैससास र योजना प्रशासन | | पर्ने | |
| योजना तर्जुमा तथा कार्यान्वयन ८ | ३ | | | | | | | |
| बजेट तर्जुमा तथा कार्यान्वयन ४ | १.५ | | | | | | | |
| **संस्थागत व्यवस्थापन २०** | **१६.५** | १.खण्डीकृत तथ्यांक विश्लेषण र आवश्यकताको आधारमा योजना निर्माण गर्ने<br>२.आवधिक तथा क्षेत्रगत योजना र लैससास नीति अनुरुप वार्षिक नीति तथा कार्यक्रम तयार गर्ने<br>३.बजेट निर्माण गर्दा लैगिंक उत्तरदायि बजेट बनाउने र लक्षित बर्गलाई सम्बोधन गर्न बजेट बनाउने | लैससास शाखा | कार्यपालिका | गाउँपालिका | आ.व. ०८३/०८४ बजेटमा समावेश गर्ने | पर्ने | |
| कर्मचारी पदाधिकारी प्रतिनिधित्व ४ | ३ | | | | | | | |
| कार्यप्रणालीमा समावेशीता ४ | २.५ | | | | | | | |
| समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व ४ | ३.५ | | | | | | | |
| वित्त व्यवस्थापन प्रणालीमा समावेशीता ४ | ३.५ | | | | | | | |
| तथ्यांक संकलन | ४ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| तथा व्यवस्थापन ४ | | | | | | | | |
| **मानव शंसाधन तथा क्षमता विकास २०** | **१०** | १.लैससास सम्बन्धी क्षमता विकास कार्ययोजना तयार गरी छुट्टा छुट्टै शिर्षकमा बजेट विनियोजन गरि कार्यान्वयन गर्ने ।<br>२.लैङ्गिक तथा सामाजिक रुपमा बहिस्करणमा परेका व्यक्ति र समुहहरुको विकासको लागि छुट्टै कोष तथा बजेट व्यवस्था गर्ने । ( जस्तै बाल विकास कोष, अपाङ्गता विकास कोष, छात्रवृति कोष, दलित उत्थान विकास कोष आदी ) उनीहरुको सक्रियतामा आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गर्ने ।<br>३.बाल हेल्पलाईन १०९८, बालबालिका खोजतलास केन्द्र १०४, महिला विरुद्ध हुने हिंसा विरुद्ध उजुरी गर्ने महिला आयोगको टोल फ्रि नं ११४५, घरेलु हिंसा विरुद्ध जानकारी समुदायमा प्रभावकारी ढंगबाट सूचना प्रवाह गर्न स्थानीय संयन्त्र खडा गर्ने<br>४.गाउँपालिकामा भएका गतिविधिहरुको स्वमूल्यांकन गरी सुधारका लागि कार्ययोजना बनाउने ।<br>५.लैससास सम्बन्धी हाल गरिरहेका कार्यक्रमलाई पनि व्यवस्थित गर्दै निरन्तरता दिने । | लैससास शाखा | कार्यपालिका | प्रशासन, योजना शाखा,<br>शिक्षा शाखा,<br>स्वास्थ्य शाखा | आ.व. ०८३/ ०८४ बजेटमा समावेश गर्ने | पर्ने | |
| मानव शंसाधन तथा क्षमता विकास ८ | ४ | | | | | | | |
| अनौपचारीक मूल्या मान्यता र कुसस्कार विरुद्ध जनचेतना ४ | २ | | | | | | | |
| कानुनी साक्षरता ४ | २ | | | | | | | |
| विपद् व्यवस्थापनमा समावेशीता ४ | २ | | | | | | | |
| **सेवा प्रवाह २०** | **७.५** | १. लैङ्गिक तथा सामाजिक रुपमा बहिस्करण तथा जोखिममा परेका व्यक्ति र समुदायको नक्सांकन तथा वार्षिक रुपमा अध्यावधिक गर्ने ।<br>२.बालबालिका ज्येष्ठ नागरिक, महिला र अपांगमैत्री भौतिक संरचना ( सार्वजनिक स्थल) निर्माण गर्न को लागि गाउँपालिकाले नीतिगत व्यवस्था गर्ने तथा सेवाग्राहीहरु प्रतिक्षारत रहँदा बस्ने ठाउँको उचित व्यवस्थापन जस्तै : पिउने पानी, महलापुरुष शौचालय, प्रतिक्षालयको व्यवस्था गर्ने ।<br>३.बालीका तथा वञ्चितिकरणमा परेका | लैससास शाखा | कार्यपालिका | पूर्वाधार शाखा,<br>शिक्षा शाखा,<br>स्वास्थ्य शाखा,<br>योजना शाखा | ०८३/ ०८४ बजेटमा समावेश गर्ने | पर्ने | |
| पूर्वाधार विकास ४ | १ | | | | | | | |
| प्रजनन स्वास्थ्य ४ | १.५ | | | | | | | |
| शिक्षा कार्यक्रम ४ | २.५ | | | | | | | |
| खानेपानी तथा सरसफाई ४ | १ | | | | | | | |
| स्वरोजगार तथा आयआर्जन र बजार व्यवस्थापन ४ | १.५ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | समुदायलाई शैक्षिक सहयोग नीति लिने । ४.स्वरोजगार कार्यक्रमलाई बजेट थप गर्दै थप प्रभावकारी बनाउने । | | | | | | |
| **सुशासन तथा उत्तरदायित्व २०** | **११.५** | १.स्थानीय तहले सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, लैससास परीक्षण, नागरिक वडापत्र जस्ता सामाजिक जवाफदेहीताका औजारहरुको कार्यान्वयनको लागि कार्यविधि बनाई कार्यान्वयन गर्ने । २.चौमासिक रुपमा सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण र लैससास परीक्षण गर्ने । ३.प्रत्येक वडाले Website मार्फत वडा स्तरिय सूचनालाई व्यवस्थित गर्ने | सूचना तथा प्रविधि शाखा | कार्यपालिका | गाउँपालिका | ०८३/ ०८४ बजेटमा समावेश गर्ने | पर्ने | |
| सुशासन ४ | ३.५ | | | | | | | |
| उत्तरदायित्व र जवाफदेहीता ४ | १.५ | | | | | | | |
| सूचना र सञ्चार ४ | २.५ | | | | | | | |
| अनुगमन तथा मूल्यांकन ४ | २.५ | | | | | | | |
| समन्वय र सम्बन्ध विस्तार ४ | १.५ | | | | | | | |

## ११. निश्कर्ष

लैससास परीक्षणका लागि तयार गरिएको कार्यविधिका आधारमा गाउँपालिकाको कार्यदलको सहजिकरण र सहयोगमा यो लैससास परीक्षण सम्पन्न भएको हो । लैससास परीक्षणबाट प्राप्त अंक मापनका आधारमा कार्ययोजनाको समेत तयारी भएको छ लैससास परीक्षणका क्रममा लैससास सम्बन्धी अवधारणागत बुझाईको समेत विकास भएको छ । सहभागितात्मक विधि र प्रक्रियाका आधारमा गरिएको यस परीक्षणले सबै सरोकारवालाहरुको सिफरिस तथा कार्ययोजनाको कार्यान्वयनमा समन्वय तथा सहकार्यको विकास हुनेछ । परीक्षण पश्चात लैससास विकासको लागि गाउँपालिका अध्यक्ष ज्यूले नयाँ संरचना भएको हुँदा धेरै गर्न बाकि रहेको र विस्तारै यस क्षेत्रमा कार्य गर्दै जाने प्रतिवद्धता व्यक्त गर्नु भएको छ । यसको साथै गाउँपालिकामा लैससास परीक्षण हुन थाले पछि विस्तारै यसको महत्व तथा अवधारणाको वारेमा गाउँपालिकाले गहन तहबाट बुझ्ने अवसर प्राप्त गरेको छ । लैससासमा गाउँपालिकाको स्वलेखाजोखा अंकभार र सुचकहरु मार्फत महशुसिकरण गर्न मद्धत पुगेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा वार्षिक कार्ययोजना बनाई आगामी वर्षको वार्षिक नीति तथा कार्यक्रममा समावेश गर्ने गरी तयार पारिएको छ ।

## १२. सुझाव

बबई गाउँपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणमा आएको अंकभार, सवल र सुधार गर्नुपर्ने पक्षहरु लाई विस्तृत रुपमा अध्ययन गर्दा लैससास पूर्ण रुपमा कार्यान्वयनमा पुर्‍याउनको लागि देहाय बमोजिमका सुझावहरु रहेका छन् :

क. नेपालको संविधानको धारा १८ र धारा ३८ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले अंगिकार गरेका उद्देश्य प्राप्तीका लागि गाउँपालिकाले आफ्नो नीति, कानुन र योजना तयार गर्दाको समयमा नै लक्षित वर्गको सहभागिता बढाउनु पर्ने ।

ख. संविधानमा समावेश भए बमोजिम लक्षित वर्गले माग गरे बमोजिमको कार्ययोजना र बजेटको तर्जुमा गर्नुपर्ने ।

ग. लैङ्गिक तथा सामाजिक अवस्थाहरुको तथ्यांक संकलन, व्यवस्थापन, अभिलेखिकरण तथा अद्यावधिकरणलाई संस्थागत गर्नुपर्ने ।

घ. सामाजिक कुसस्कार र कुरिति विरुद्ध जनचेतना कार्यक्रम संचालन गर्नुपर्ने ।

ङ. विपद व्यवस्थापनमा समान सहभागिता गराउनु पर्ने ।

च. गाउँपालिका बासीको माग अनुसार गाउँपालिकाले स्वरोजगार तथा आय आर्जन र कृषि उत्पादनको बजार व्यवस्थापनको कार्यमा जोड दिनुपर्ने ।

छ. वर्षको एक पटक लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गुर्नपर्ने ।

ज. जनप्रतिनिधि जनता प्रति अझ बढि उत्तरदायि बनाउन सुचना प्रणालीलाई चुस्त दुरुस्त बनाउनु पर्ने ।

झ. लैससास विकासको लागि प्रत्येक वर्ष सभाबाट बजेट विनियोजित गरी योजना तर्जुमा तथा कार्यान्वयन गर्न आवश्यक छ ।

ञ. आगामी वर्षको लैससास परीक्षण गर्दा यस वर्ष बनाइएको कार्ययोजनाको समिक्ष गरी कारण बस सम्पन्न गर्न नसकिएको कार्यक्रमलाई अर्को वर्ष निरन्तरता दिनुपर्ने ।

ट. लैससास परीक्षणबाट आएका नतिजा र यसको महत्वको बारेमा कर्मचारी तथा जनप्रतिनिधिहरुलाई लैससास सम्बन्धी अभिमुखिकरण गर्नुपर्ने ।

ठ. लैससास परीक्षण कार्ययोजना कार्यान्वयनको नियमित अनुगमन गर्ने र अनुगमनका लागि व्यक्ति र सम्बन्धित शाखा वा समितिलाई जिम्मेवारी तोक्नु पर्ने ।

## १३. अनुसूचीहरु

### १३.क. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका सुचकहरु र प्राप्तांक

स्थानीय तह लैङ्गिक समानता र समाजिक समावेशीकरण परीक्षण कार्यविधि, २०७७

पाँच वटा मुख्य विषय र सो अनुसार सहयक विषयका सुचकहरुको जम्मा अंकभार १०० को विस्तृत विवरण देहाय बमोजिम रहेको छ । लैससास परीक्षण कार्यविधि, २०७७ लाई राम्रोसँग अध्ययन गरेर मात्र अंकन गर्नुपर्ने छ । परीक्षण कार्यशालामा पाँचवटा विषयका लागि पाँचवटै समुह निर्माण गरी परीक्षण गर्नुपर्ने छ ।

- स्थानीय सरकार ले आफ्ना नीति, कानुन, योजना जारी गर्नु अगाडि लैससासको दृष्टिकोणले उपयुक्त भए नभएको बारे लेखाजोखा गर्ने गरे/ नगरेको ।
- स्थानीय सरकारको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास ( स्थानीय कानुन, नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरु ) सम्बन्धी कुराहरु समावेश भए /नभएको

नोट : मूल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अंक, मध्यम अवस्थालाई ०.५ अंक र अति कमजोर वा नभएको अवस्थालाई ० अंक दिनु पर्नेछ । तल दिएको मूल्याङ्कन हो । ममुहमा पहिला सुचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अंक प्रदान गुर्नु पर्नेछ ।

| सुचक नं. १. नीति कानुन तथा योजना : अङ्कभार (२०) | | | | |
|---|---|---|---|---|
| **१.१. नीति र कानुनमा समावेशीता अङ्कभार (८)** | | | | |
| **सुचक नं.** | **सुचकहरु** | **सुचकको अङ्क** | **प्राप्ताङ्क** | **प्रमाणिकरणको आधार** |
| १. | स्थानीय तहको नीति तथा कानुनको मस्यौदा तयार गर्ने कार्यादेशमा लैससासको दृष्टिले सम्पादन गरी कार्यटोली निर्माण पूर्व दस्तावेज समिक्षा गर्दा लैससास दृष्टिकोणले भएको मस्यौदाको विषयवस्तु र शव्द चयन समावेशी र सहभागितामूलक हुने गरे नगरेको ? | ०-१ | ०.५ | |
| २. | स्थानीय सरकाले आफ्ना नीति, कानुन, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखा जोखा गर्ने गरे नगरेको | ०-१ | ०.५ | |
| ३. | स्थानीय सरकारको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समाबेशी विकास स्थानीय कानुन नीति, आवधिक र वार्षिक योजनामा भएका नीतिहरु ) सम्बन्धी कुराहरु समावेश भए /नभएको | ०-१ | ० | |
| ४. | स्थानीय सरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण र लैङ्गिक परीक्षण तथा सामाजिक विभेद अन्त्य गर्ने सम्बन्धी अलग्गै नीतिहरु छन छैनन् (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरिएको वा नगरिएको ) | ०-१ | ०.५ | लैससास रणनीति |
| ५. | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम तथा कार्यविधिमा महिला तथा बञ्चितिमा परेका समुदाय अर्थात लक्षित वर्गमा हुने सबै प्रकारका विभेद जन्य कार्यहरु रोक्न पर्याप्त प्रावधान व्यवस्था गरिएको छ/ छैन ? | ०-१ | ०.५ | केहि कार्यक्रम योजना बनेको |
| ६. | सङ्घीय कानुनले व्यवस्था गरे बमोजिम स्थानीय स्तरमा महिला तथा वञ्चितिमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए /नमिलाएको | ०-१ | ० | |
| ७. | महिला र पुरुषमा श्रमको ज्यालामा विभेद रोक्ने प्रावधान रहे / नरहेको | ०-१ | ० | |
| ८. | स्थानीय तहको नीतिमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवि उपर हुने विभेद रोक्ने प्रावधान रहे /नरहेको | ०-१ | ० | |
| **जम्मा** | | **८** | **२** | |
| **१.२. योजना तर्जुमा तथा कार्यान्वयन ( अंकभार ८)** | | | | |
| ९. | आवधिक योजना र वार्षिक योजना तथा कार्यक्रममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मानपनयोग्य | ०-१ | ० | |

| | | | | |
|---|---|---|---|---|
| | उपलब्धी लक्ष्य समावेश गरिएको छ /छैन ? | | | |
| १०. | गाउँपालिका/ नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा वञ्चितिकरणमा परेको समुहको अवस्था विशलेषणको आधारमा सो समुहको लागि वा प्रत्यक्ष्य फाइदा पुग्ने गरी कुल पुँजिगत बजेटको निशिचत प्रतिशत छुट्याउने गरे /नगरेको | ०-१ | ०.५ | |
